# निस्दी गाउँपालिका

## मित्याल, पाल्पा

## लुम्बिनी प्रदेश, नेपाल

Email:info@nisdimun.gov.np
Email:nisdi2007@gmail.com
Email: ito@nisdimun.gov.np
website:
www.nisdimun.gov.np
9760814137/9857079215


प.सं.:-०८१/०८२
च.नं.:-

सु.नं - १०

मिति २०८१/०५/१६
ने.स ११४४ गुंलागा १४ आइतबार

## गाउँपालिकाको प्रतिक चिन्ह(लोगो)डिजाइन तयार गर्ने सम्वन्धी सूचना ।

यस गाउँपालिकाले लोगो निर्माण गरी प्रयोगमा ल्याउनको लागी गाउँ कार्यपालिकाको मिति २०८०/०५/१३ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।खुला प्रतिस्पर्धात्मक विधिबाट लोगो छनौट गरीने र छनौट हुने लोगोको डिजाइनकर्तालाइ पुरस्कार स्वरुप रु ३०,००० (कर सहित) अक्षरुपी तिस हजार मात्र प्रदान गरिने भएकोले इच्छुक ब्यक्तिहरुले देहाय बमोजिमको शर्तहरुको पालना गरी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र लोगो निर्माण गरी यस कार्यालयमा पेश गर्नु हुन वा info@nisdimun.gov.np मा पठाउनुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. गाउँपालिकाको नाम र चिनारी झल्किने मौलिक हुनुपर्नेछ ।
२. लोगोमा गाउँपालिकाको पहिचान ,ऐतिहासिकता, जनजिवन ,भूगोल ,संस्कृति ,विशिष्ट पहिचान झल्किनु पर्नेछ।
३. कुनै पनि जातिय बिभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउने संकेत प्रयोग गर्न पाइने छैन ।
४. गाउँपालिकाको कार्य प्रकृति अनुरुपको डिजाइन हुनुपर्नेछ ।
५. लोगो कलात्मक र मापनयोग्य हुनुपर्दछ ।
६. लोगोमा प्रयोग भएका रंग, शब्द र चित्रहरुले अभिब्यक्त गर्ने अर्थको व्याख्या र विश्लेषण गर्नु पर्दछ ।
७. लोगो छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।छनौट भएको लोगोको सम्पूर्ण अधिकार यस गाउँपालिकाको हुनेछ ।
८. मूल्यांङ्कन समितिबाट परिमार्जनको सुझाब आएमा परिमार्जित गर्नुपर्नेछ ।
९. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुल्ने दिनमा कार्यालय समयभित्रै पेश गर्नु पर्नेछ । रित नपुगी आएको प्रस्ताव उपर कुनै कारवाही गरिनेछैन ।

**लोगोको प्रस्तावदाताले प्रस्ताव साथै पेश गर्नुपर्ने कागजातहरु**

१. रंगिन र श्यामस्वेत १/१ प्रति A4 साइजमा प्रिन्ट प्रति
२. पेन ड्राइभमा वा e-mail मा soft copy
३. नेपालि नागरिकताको प्रमाणपत्र प्रतिलिपि
४. मौलिक सिर्जना हो कसैको नक्कल होइन भन्ने स्वघोषणापत्र र निवेदन

०८१।५।१६

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत